नेपाल सरकार

भूमि सम्बन्धी समस्या समाधान आयोग र

घ्याङलेख गाउँपालिका

सिन्धुली जिल्ला बागमती प्रदेश बीच भएको

# समझदारी–पत्र

नेपाल सरकार, भूमि सम्बन्धी समस्या समाधान आयोग, ताहाचल, काठमाडौं (यसपछि "आयोग" भनिएको) र ...घ्याङलेख गाउँपालिका.....(यसपछि स्थानीय तह भनिएको) बीच भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्नका लागि भूमि सम्बन्धी ऐन, २०२१, भूमि सम्बन्धी नियम, २०२१, भूमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ र अन्य प्रचलित कानूनमा भएका व्यवस्था अनुरुप तपसिल बमोजिमको कार्य गर्न आयोग र स्थानीय तह दुवै पक्ष एक आपसमा मञ्जुर भई यस समझदारी पत्रमा अधिकार प्राप्त अधिकारीबाट हस्ताक्षर गरी एक/एक प्रति लियौं, दियौं ।

तपसिल

१. स्थानीय तहको जिम्मेवारीहरु :

(क) भूमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ दफा ६ को खण्ड (घ) बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन र प्रमाणीकरणको काम गर्ने,

(ख) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत सङ्कलन सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ को उपदफा (१) बमोजिमको भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन गर्ने,

(ग) लगत संकलन तथा जग्गा नापजाँच कार्यको लागि अनुसूची १ मा उल्लेख भए बमोजिम संयोजक, सर्भेक्षक, अमिन, सामाजिक परिचालक, तथ्यांक संकलक, तथ्यांक प्रविष्टि कर्ता, सहयोगी र आवश्यक पूर्वाधार (कम्प्युटर, प्रिन्टर, स्क्यानर आदि समेतको कार्यकक्ष) सहितको एक "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन इकाई" स्थापना गर्ने । स्थानीय तहले उल्लेखित जनशक्तिमा संयोजक बाहेक कार्यबोझका आधारमा अन्य जनशक्तिहरु थप गर्न सक्नेछ ।सो इकाईमा स्थानीय तहमार्फत सेवा करार गरिएका जनशक्तिको तलब भत्ता लगायतका सुविधा स्थानीय तहले नै बेहोर्ने,

(घ) लगत संकलन तथा प्रमाणीकरणको कार्य व्यवस्थित र निर्धारित समय भित्र सम्पन्न गर्नको लागि कार्ययोजना तयार र बजेट व्यवस्थापन गरी कार्यन्वयनमा ल्याउने। सो कार्ययोजनाको एक प्रति आयोग वा जिल्ला समितिलाई उपलब्ध गराउने,

(ङ) स्थानीय तहको अनुरोधमा आयोग वा जिल्ला स्थित कार्यालयबाट खटिएका स्थायी कर्मचारीलाई नियमानुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराउने,

(च) आयोग वा जिल्ला समितिसँग समन्वय गरी कार्यापालिकाका पदाधिकारी र भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन र व्यवस्थापन इकाईमा रहने कर्मचारीलाई अभिमुखीकरण गर्ने व्यवस्था मिलाउने,

(छ) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन र प्रमाणीकरणको क्रममा स्थानीय तहले कुनै शूल्क वा दस्तुर नलिने,

(ज) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन र प्रमाणीकरणको क्रममा स्थानीय तहलाई कुनै द्विविधा भएमा आयोगसँग परामर्श गरी काम गर्ने,

(झ) आयोगको समग्र कार्यसम्पादन गर्ने क्रममा आवश्यक अन्य कार्य गर्ने ।

२. आयोगको जिम्मेवारीहरु :

(क) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन र प्रमाणीकरण सम्बन्धी मापदण्ड र कार्यविधिहरु उपलब्ध गराउने,

(ख) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ को अनुसूची-३ र ४ अनुसारको ढाँचाको निवेदन फाराम उपलब्ध गराउने,

(ग) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको तथ्यांक प्रविष्टि गर्नको लागि प्रणाली (System) उपलब्ध गराउने,

(घ) स्थानीय तहको "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन इकाई" मा रहेर नापनक्शा सम्बन्धी कार्य गर्न थप अमिन वा सर्भेक्षकको व्यवस्था गर्ने,

(ङ) नाप नक्शा कार्यको लागि नक्शा छाप्ने पर्मा ट्रेस पेपर (फाइल नक्शाको लागि) र फिल्ड बुक छाप्ने कागज उपलब्ध गराउने,

(च) नाप नक्शा गरि तयार भएका कित्ता नापी नक्शा छाप्ने व्यवस्था गर्ने,

(छ) स्थानीय तहमा गरिने अभिमुखीकरण कार्यक्रमको लागि स्रोत सामाग्री उपलब्ध गराउने,

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

(ज) लगत संकलन कार्यमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने,

(झ) ऐन, नियमावली, गठन आदेश र कार्यविधिमा तोके बमोजिम अन्य आवश्यक व्यवस्थापकीय कार्य गर्ने।

३. दुवै पक्षले गर्नुपर्नेः

(क) यस समझदारी पत्रमा संशोधन, थप तथा परिवर्तन गर्नु परेमा दुवै पक्षको सहमतिमा संशोधन गरिनेछ,

(ख) समझदारी पत्रका बुदाँहरुमा उल्लेखित शर्तहरु समझदारी पत्रमा दुवै पक्षको हस्ताक्षर भएपछि कार्यन्वयनमा आउने र यो समझदारी पत्रको अवधि उद्देश्य बमोजिमको काम सम्पन्न नभएसम्मको लागि हुनेछ।

| स्थानीय तहको तर्फबाटः | आयोगको तर्फबाट : |
| --- | --- |
| दस्तखत : | दस्तखतः |
| नामः राम कुमार कार्की | नामः बसन्त प्रसाद पन्थी |
| पद : | पद : उप-सचिव |
| कार्यालयको छाप : | कार्यालयको छापः |

मिति : २०७७।०८।२५

## अनुसूची -१

"भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन व्यवस्थापन इकाई"मा आवश्यक जनशक्तिको विवरण समझदारी पत्रको बुँदा १ ग सँग सम्बन्धित

| सि.नं | आवश्यक जनशक्तिको पद | जना | कैफियत |
|---|---|---|---|
| १ | संयोजक | | |
| २ | सर्भेक्षक | | |
| ३ | अमिन | | |
| ४ | सामाजिक परिचालक | | |
| ५ | तथ्यांक संकलक | | |
| ६ | तथ्यांक प्रविष्टिकर्ता | | |
| ७ | सहयोगी | | |

## अनुसूची -२

इकाई कार्यालयको साइन बोर्डको नमुना

भूमि सम्बन्धी समस्या समाधान आयोग

लगत संकलन इकाई

.................गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका

(जिल्लाको नाम)

नेपाल सरकार

# भूमि सम्बन्धी समस्या समाधान आयोग

पत्र संख्या:- ०७७/७८
चलानी नं.- १८५

नेपाल सरकार भूमि सम्बन्धी समस्या समाधान आयोग ताहाचल, काठमाडौं

ताहाचल, काठमाडौ
मिति : २०७७/०८/१५

विषय : भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन कार्यको आवश्यक तयारी गर्न अनुरोध ।

श्री घ्याङलेख गाउँपालिका
सिन्धुली, बागमती प्रदेश।

भूमिहीन सुकुम्बासीलाई जग्गा उपलव्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि भूमि सम्बन्धी समस्या समाधान आयोग गठन भई कार्य अघि बढिरहेको यहाँलाई अवगत नै छ । चालु आर्थिक वर्ष २०७७/०७८ मा एक सय स्थानीय तहमा कार्य गर्ने योजना रहेको हुँदा विभिन्न सूचकका आधारमा छनौट गरिएका उल्लेखित संख्याका स्थानीय तहसँग २०७७ मंसिर महिना भित्र स्थानीय तह र आयोग बीच चरणगत रुपमा समझदारी गरिसक्ने उद्देश्य अनुरुप उक्त कार्यको शुरुवात भईसकेको छ ।

यस प्रयोजनार्थ आयोगको लगत संकलन सम्वन्धी कार्यविधि र समझदारी पत्रको ढाँचा यसै पत्रसाथ पठाईएको छ । कार्यविधिमा उल्लेख भए बमोजिमको अनुसूची (२) अनुसारको विवरण संकलन गर्ने, सोही कार्यविधिमा उल्लेख भए अनुसारको जनशक्ति नियुक्ति गर्ने आदि कार्यको शुरुवात गर्न पनि यसै पत्र मार्फत अनुरोध गरिन्छ ।सहमति पत्रमा उल्लेखित विषयमा कुनै द्विविधा वा अस्पष्टता भए आयोगका विज्ञ सदस्य जगत बहादुर देउजा (९८५१०१५१४५) वा उपसचिव अञ्जन न्यौपाने (९८५१२७४८०९) सँग सम्पर्क गर्न सकिने व्यहोरा अनुरोध छ ।

(अञ्जन न्यौपाने)
उप-सचिव

Website: www.lirc.gov.np Email: bhumiaayog@gmail.com info@lirc.gov.np

नेपाल सरकार

# भूमि सम्बन्धी समस्या समाधान आयोग

पत्र संख्याः- ०७७/७८
चलानी नं.-१८६

नेपाल सरकार भूमि सम्बन्धी समस्या समाधान आयोग ताहाचल, काठमाडौं

ताहाचल, काठमाडौ
मिति : २०७७/०८/१६

बिषय: समझदारी सम्झौता (MOU) गर्ने सम्बन्धमा।

श्री घ्याङलेख गाउँपालिका
सिन्धुली, बागमती प्रदेश ।

भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्न आवश्यक कार्य अघि बढाउने सन्दर्भमा तहाँ स्थानीय तह र यस आयोगबीच पटक पटक सम्पर्क, समन्वय भई प्रथम चरणमा काम शुरु गर्न देहायको मिति, समय र स्थानमा समझदारी पत्रमा सम्झौता (Memorandum of Understanding) गर्ने कार्यक्रमतय भएकोले उक्त समारोहमा सहभागी हुन तहाँ पालिकाबाट प्रमुख/अध्यक्ष, उप-प्रमुख/उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतज्यूलाई आमन्त्रण गर्ने भनी आयोगको मिति २०७७/०८/११ मा निर्णय भएकोले उक्त समारोहमा अनिवार्य सहभागिताका लागि अनुरोध छ ।यस सम्बन्धमा थप बुझ्नुपरेमा आयोगका (उपसचिव) वसन्त प्रसाद पन्थी (९८४९१०५३३३) लाई सम्पर्क गरी बुझ्न सकिनेछ । समझदारी पत्रको मस्यौदा, आवश्यक तयारी गर्नु हुन भनि लेखिएको पत्र र आयोगद्धारा तर्जुमा गरिएका कार्यविधिहरु यसै साथ संलग्न छ ।

(अञ्जन न्यौपाने)
उप-सचिव

तपसिल

मितिः- २०७७/०८/२५ गते
समयः- बिहान ८:०० बजे
स्थानः- हेटौडा ।

नोटः- * कार्यक्रम स्थलको बारेमा पछि जानकारी गराईनेछ ।
*सहभागिको दैनिक भ्रमण भत्ता सम्बन्धित स्थानीय तहबाट ब्यहोर्नु पर्नेछ ।